आज मिति २०७८ साल मंसिर १ गते विहान ११ : ०० बजे यस सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष श्री गुणेन्द्र घर्तीज्यूको अध्यक्षतामा, गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा आ.व. २०७८/०७९ को दोश्रो गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिती :

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री गुणेन्द्र घर्ती | गाउँपालिका अध्यक्ष | |
| २ | श्री बाग्मती क्षेत्रीनी | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री केशवलाल कवर | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेत्र बहादुर गिरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री गञ्ज बहादुर क्षेत्री | वडा अध्यक्ष वडा नं. ४ | |
| ६ | श्री नमराज थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ७ | श्री अर्जुन सुवेदी | वडा अध्यक्ष वडा नं. ६ | |
| ८ | श्री मानसिं पुन | वडा अध्यक्ष वडा नं. ७ | |
| ९ | श्री पुर्ण बहादुर पुन | वडा अध्यक्ष वडा नं. ८ | |
| १० | श्री सुना परियार | कार्यपालिका सदस्य वडा नं. ५ | |
| ११ | श्री आशा सुनार | कार्यपालिका सदस्य वडा नं. ६ | |
| १२ | श्री सुनिता रोकामगर | कार्यपालिका सदस्य वडा नं. ७ | |
| १३ | श्री मन्सरी वि.क. | कार्यपालिका सदस्य वडा नं. ८ | |
| १४ | श्री तुल्सी सुनार | कार्यपालिका सदस्य वडा नं. १ | |
| १५ | श्री चन्द्र मरमथानी | कार्यपालिका सदस्य वडा नं. २ | |
| १६ | श्री गौतम भण्डारी | सचिव, प्रमुख प्रशासकीय अधिकृत | |
| **आमन्त्रित** | | | |
| १ | श्री गिर बहादुर विष्ट | का.वा. वडा अध्यक्ष वडा नं. ३ | |
| **सहयोगी कर्मचारीहरु** | | | |
| १ | नुमाकान्त कालाथोकी | प्रशासन शाखा प्रमुख | |
| २ | रेकम पोखेल | लेखापाल | |
| ३ | दुर्योधन महरा | सहायक कम्प्यूटर अपरेटर | |

## दोश्रो गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१) घर नक्सा अभिलेखिकरण सम्बन्धमा
२) आ.व. २०७९/२०८० का लागि संघीय सरकारबाट प्राप्त हुने विशेष अनुदान तथा समपुरक अनुदान तर्फका आयोजना माग सम्बन्धमा ।
३) १०० दिने रोजगारका लागि प्राथमिकिकरणमा परेका व्यक्तिहरुलाई सुचिकृत गर्ने सम्बन्धमा ।
४) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७८, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन, २०७८ र बाल संरक्षण नीती, २०७८ स्वीकृत सम्बन्धमा ।
५) बाल विवाह मुक्त टोल निर्माण तथा घोषणा तयारीका लागि टोल छनौट सम्बन्धमा ।
६) जेष्ठ नागरिक मिलन केन्द्र स्थापना सम्बन्धमा ।
७) वडा नं. ५ र ६ को मोटरबाटो स्तरोन्ती सम्बन्धमा ।
८) जिल्ला दररेट सम्बन्धमा ।
९) वित्तिय साक्षरता कक्षा सञ्चालनको लागी वडा छनौट सम्बन्धमा ।
१०) विविध छलफल सम्बन्धमा ।

## २०७८ मंसिर १ गते बसेको दोश्रो कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १ | घर नक्सा अभिलेखिकरण सम्बन्धमा । | गाउँपालिका भित्र रहेका घरहरुको अभिलेखिकरण गर्न आवश्यक देखिएको । | गाउँपालिका भित्र रहेका घरहरुको अभिलेखिकरणका लागि घरधनीहरुबाट माग भई आएकोले मिति २०७९ असार मसान्त सम्म अभिलेखिकरण कार्य सूचारु गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| २ | आ.व. २०७९/२०८० का लागि संघीय सरकारबाट प्राप्त हुने विशेष अनुदान तथा समपुरक अनुदान तर्फका आयोजना माग सम्बन्धमा । | आ.व. २०७९/०८० का लागि यस गाउँपालिकालाई संघीय सरकारबाट प्राप्त हुने विशेष अनुदान तथा समपुरक अनुदान तर्फका आयोजना माग गर्न आवश्यक रहेको । | आ.व. २०७९/०८० का लागि समपुरक तथा विशेष अनुदान तर्फ तपशिल बमोजिमका आयोजनाहरु स्वीकृतीका लागि आयोगमा प्रस्ताव पेश गर्ने ।<br>तपशिल<br>**क) समपुरक अनुदान तर्फ**<br>१) सुर्योदय आधारभूत विद्यालय वडा नं. ५, १ करोड<br>२) जनता आधारभूत विद्यालय वडा नं. ४, १ करोड<br>३) अरेश स्वास्थ्य चौकी भवन निर्माण वडा नं. ८, १ करोड<br>४) मिफिङ स्वास्थ्य चौकी भवन निर्माण वडा नं.३, १ करोड<br>५) विवेगौडा देउथान खानेपानी वडा नं. ७, १ करोड<br>**ख) विशेष अनुदान**<br>१) रामेश्वरी माध्यामिक विद्यालय वडा नं. १, १ करोड<br>२) तेबाङ स्वास्थ्य चौकी भवन निर्माण ७, १ करोड<br>३) धौलिगाउँ खानेपानी योजना वडा नं. ६, १ करोड<br>४) ज्योति प्रकाश माध्यामिक विद्यालय वडा नं. २, १ करोड<br>५) महेन्द्री खानेपानी योजना वडा नं. २, १ करोड | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ३ | १०० दिने रोजगारका लागि प्राथमिकिकरणमा परेका व्यक्तिहरुलाई सुचिकृत गर्ने सम्बन्धमा । | प्रधानमन्त्री रोजगार कार्यक्रममा पेश भएका वेरोजगार व्यक्तिहरुको आवेदनहरुलाई सूचिकृत गर्नुपर्ने । | चालु आ.व.मा सञ्चालन हुने प्रधानमन्त्री रोजगार कार्यक्रममा सबै वडाहरुबाट सिफारिस भै आएका ११ सय ३६ जना वेरोजगार व्यक्तिहरुलाई सूचिकृत गर्ने साथै प्राथमिकीकरणमा परेका व्यक्तिहरुलाई काममा लागउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

| | | | | |
|---|---|---|---|---|
| ४ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७८, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन, २०७८ र बाल संरक्षण नीती, २०७८ स्वीकृत सम्बन्धमा । | गाउँपालिकालाई आवश्यक पर्ने विभिन्न नीति र प्रतिवेदन स्वीकृत गर्न आवश्यक रहेको । | गाउँपालिकामा विभिन्न समय छलफल भई तयार भएको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७८, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन, २०७८ र बाल संरक्षण नीती, २०७८ लाई स्वीकृत गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ५ | बाल विवाह मुक्त टोल निर्माण तथा घोषणा तयारीका लागि टोल छनौट सम्बन्धमा । | बाल विवाह मुक्त टोल निर्माणका लागि टोल छनौट गर्न आवश्यक रहेको । | चालु आ.व.को लागि यस गाउँपालिकाबाट बाल विवाह मुक्त टोल निर्माण तथा घोषणा गर्नुपर्ने भएको हुदाँ वडा नं. २ खुंग्री ठुलोगाउँ र वडा नं. ४ को प्रवेश नगर क छिर्ने टोललाई छनौट गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ६ | जेष्ठ नागरिक मिलन केन्द्र स्थापना सम्बन्धमा । | जेष्ठ नागरिक मिलन केन्द्र स्थापना गर्न आवश्यक रहेको । | चालु आ.व.मा यस गाउँपालिका अन्तर्गत वडा नं. ६, ७ र ८ वडाहरुमा जेष्ठ नागरिक मिलन केन्द्र स्थापना गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ७ | वडा नं. ५ र ६ को मोटरबाटो स्तरोन्ती सम्बन्धमा । | यस गाउँपालिका वडा नं. ५ र ६ मा रहेको मोटरबाटो स्तरोन्ती गर्न आवश्यक रहेको । | चालु आ.व.का लागि संघीय सरकारबाट वडा नं. ५ काभ्रा, मन्घा मोटरबाटो र वडा नं. ६ सुनिलमार्गका लागि रु १/१ करोड बजेटको व्यवस्था भएको हुदाँ वडा नं. ५ लौबाङ देखि जालि, व्याक कटिङ, होम पाइप, मेसिनरी वाल सहितको स्तरोन्ती गर्ने र वडा नं. ६ सुनिलमार्ग मिक्ळिङ देखि ग्राभेल र नाली सहितको स्तोरन्ती गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ८ | जिल्ला दररेट सम्बन्धमा । | जिल्ला दररेट अनुरुप कार्यान्वयन गर्न आवश्यक रहेको । | आ.व. २०७८/०७९ का लागि जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटलाई आधारमानी सोही अनुरुप कार्यान्वयन गर्ने तथा केहि सामाग्रीहरुको बजार दररेट जिल्ला दररेट भन्दा अत्याधिक भएको हुदाँ जिल्ला दररेट मिलानका लागि जिल्ला दररेट समितिलाई अनुरोध गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ९ | वित्तिय साक्षरता कक्षा सञ्चालनको लागी वडा छनौट सम्बन्धमा । | सुरक्षित आप्रवासन परियोजना (सामी)द्वारा सञ्चालित वित्तिय साक्षरता कक्षा सञ्चालनको लागी वडा छनौट गर्न आवश्यक रहेको । | विकास सरोकार समाज रोल्पाको मिति २०७८/०७/०४ गतेको पत्रानुसार पहिलो बर्षको वित्तिय साक्षरता कक्षा समापन भएको र चालु आ.व.का लागी नयाँ कक्षा सञ्चालन गर्न वडा छनौट गरिदिन भनि पत्र प्राप्त भएको हुदाँ यस गाउँपालिकाको वडा नं. ३, ४ र ५ लाई छनौट गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

| | | | | |
|---|---|---|---|---|
| १० | विविध छलफल सम्बन्धमा । | प्रस्ताव भित्र नपरेका अध्यक्ष ज्यू, कार्यपालिका सदस्य ज्यूहरुबाट प्रस्तावित प्रस्तावहरु निर्णय गर्न आवश्यक देखिएको ।<br><br>क) आर्थिक सहायता सम्बन्धमा । | क) वडा नं. १ निवासी हिरा बहादुर कामीले म टाउकाको ब्रेन ट्यूमर पिडित विरामी भएकोले औषधी उपचार खर्च वापत आर्थिक सहायता पाउँ भनि निवेदन प्राप्त भएकोले निज हिरा बहादुर कामीलाई रु १५ हजार आर्थिक सहायता उपलब्ध गराउने र अव आइन्दा मृगौला पिडित, मुटुरोगी, पक्षघात रोगिबाट आर्थिक सहायता माग भई आएमा वढीमा रु १५ हजार सम्म आर्थिक सहायता वापत औषधि उपचार खर्च उपलब्ध गराउने र विपन्न तथा अन्य रोगीहरुलाई अवस्था हेरी वढीमा रु १० हजार सम्म आर्थिक सहायता खर्च शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| | | ख) सार्वजनिक सुनुवाई सम्बन्धमा । | ख) गाउँपालिकाबाट भए गरेका क्रियाकलापहरुलाई प्रत्येक चौमासिक कम्तिमा १ पटक सार्वजनिक सुनुवाई गर्नुपर्ने भएको हुदाँ यस गाउँपालिकाबाट भए गरेका क्रियाकलापहरुको सार्वजनिक सुनाइ कार्यक्रम पहिलो चौमासिकको वडा नं. ६ गजुलकोटमा गर्ने र दोश्रो चौमासिकमा वडा नं. ७ तेबाङमा गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| | | ग) प्रांथमिक स्वास्थ्य केन्द्र सुलिचौरको विद्युत महशुल भुक्तानी सम्बन्धमा । | ग) सुलिचौर प्राथमिक स्वास्थ्य केन्द्र सुलिचौर रोल्पाको विद्युत महशुल बाँकी बक्यौता रहेको हुदाँ यस गाउँपालिकाको पानी तथा विजुली खर्च शिर्षकबाट रु २ लाख भुक्तानी गर्ने, बाँकी बक्यौता रकम वडा नं. ४ को जनतााई वडाको नि:शुल्क उज्यालो खर्च शिर्षक र गाउँपालिकाको विविध खर्च शिर्षकबाट भुक्तानी गरी आगामी दिन देखि प्राथमिक स्वास्थ्य केन्द्रबाट विद्युत मशुल भुक्तानी गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| | | घ) स्वंयसेवक शिक्षक अनुदान सम्बन्धमा । | घ) गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुमा दरवन्दी अभावका कारण पठन पाठनमा समस्या रहेको हुदाँ अनुसूची-१ बमोजिमको अनुदान वितरण गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| | | ङ) निर्माण सेवा स्थानान्तरण अनुमति सम्बन्धमा । | ङ) सुनिलस्मृति गाउँपालिका वडा नं. ७ (साविकको तेबाङ ६) मा सञ्चालन हुदै आएको प्र.फा.नं. ९९५/०६५/०६६ को श्री खिम निर्माण सेवा उद्योगलाई मिति २०७७/१२/०४ मा घरेलु तथा साना उद्योग कार्यालय रोल्पाले, घरेलु तथा साना उद्योग कार्यालय कपिलबस्तुमा ठाउँसारी गरिएको व्यहोरा साथ यस गाउँपालिकामा रहेको (घ) वर्ग निर्माण व्यवसायको इजाजत-पत्र नं. ५५/०६५/०६६ फर्मका प्रो. लोकनाथ यादवले खिम नर्माण सेवाको सक्कल फाइल साथ उक्त इजाजत पत्र कपिलबस्तु नगरपालिकामा स्थानान्तरण गरि पाउँ भनि निवेदन दिएको हुदाँ उक्त इजाजत पत्र स्थानान्तरण अनुमति दिने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| | | च) गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम ( मेड्पा) को आ.व. २०७८/०७९ को बजेट बाँडफाँड सम्बन्धमा । | च) गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) को चालु आ.व.का प्राप्त बजेट अनुसूची-२ बमोजिम बाँडफाँड गर्ने र कोभिडका कारण कार्यक्रमको लक्ष्य पुरा हुन नसकेकोले गत आ.व. छनौट गरिएकै वडाहरुमा कार्यक्रम सञ्चालन गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| | | छ) योजना कार्यान्वयन सम्बन्धमा | छ) गाउँपालिका तथा वडा कार्यालयहरुबाट सञ्चालन हुने सम्पूर्ण योजनाहरु मंसिर १५ सम्म उपभोक्ता समिति गठन गर्ने, उपभोक्ता समितिलाई तालिम र योजना संझौता मंसिर मसान्तसम्म सम्पन्न गर्ने र फागुन मसान्त सम्म काम सम्पन्न र भुक्तानी गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

## अनुसूची-१

१. शून्य दरवन्दि भएका कक्षा १ - ३ संचालित विद्यालयहरुमा १ जना प्रावि तह बराबरको शिक्षक अनुदान ।

२. शून्य दरवन्दि भएका कक्षा १ - ४ संचालित विद्यालयहरुमा २ जना प्रावि तह बराबरको शिक्षक अनुदान ।

३. कक्षा १ - ८ संचालित कम्तिमा ५ दरवन्दि भएको विद्यालयमा १ जना नि.मा. तहको केन्द्रीय शिक्षक अनुदान र ५ भन्दा कम दरबन्दि भएको विद्यालयमा १ जना केन्द्रीय र १ जना स्थानिय तहको गरी २ जना निमा तह शिक्षक अनुदान ।

४. कक्षा १ - ७ सन्चालित विद्यालयमा १ जना निमा तहको शिक्षक अनुदान ।

५. माध्यमिक तह संचालित विद्यालयको साविक निमा तहमा कम्तिमा ३ जना दरवन्दि नभएका विद्यालयमा १ जना निमा तहको शिंक्षक अनुदान ।

६. कक्षा ११ - १२ सन्चालित तर शुन्य दरबन्दि भएको विद्यालयमा १/१ जना साविक उमा तहको शिक्षक अनुदान ।

## अनुसूची-२

**गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) को चालु आ.व २०७८/०७९ को बजेट बाँडफाड**

| नयाँ लघु उद्यमी सृजना तर्फ | | | | |
|---|---|---|---|---|
| क्र.स | विवरण | प्रतिशत दर | जम्मा रकम | स्थानीय तह आफैले सहजकर्ता मार्फत |
| १ | उद्यम विकासका लागि सामाजिक परिचालन | २% | ४५,६०० | स्थानीय तह आफैंले सहजकर्ता मार्फत |
| २ | उद्यमशीलता विकास तालिम | ७% | १,५९,६०० | स्थानीय तह आफैंले सहजकर्ता मार्फत |
| ३ | प्राविधिक सीप विकास तालिम | ३७% | ८,४३,६०० | स्थानीय तह आफैंले सहजकर्ता मार्फत |
| ४ | प्रविधि हस्तान्तरण | १५% | ३,४२,००० | स्थानीय तह आफैंले सहजकर्ता मार्फत |
| ५ | वित्तीय सेवामा पहुँच | ३% | ६८,४०० | स्थानीय तह आफैंले सहजकर्ता मार्फत |
| ६ | बजारीकरणमा सहयोग | ३% | ६८,४०० | स्थानीय तह आफैंले सहजकर्ता मार्फत |
| ७ | उद्यम विकास सहजकर्ता परिचालन | ३३% | ७,५२,४०० | स्थानीय तहले सेवा करार सम्झौता गरी परिचालन गर्ने आफैंले |
| जम्मा | | २२,८०,००० | | |
| लघु उद्यमीको स्तरोन्नती तर्फ | | | | |
| १ | स्तरोन्नति प्राविधिक सीप विकास तालिम | १००% | ४,८०,००० | स्थानीय तह आफैंले सहजकर्ता मार्फत |
| २ | स्तरोन्नति प्रविधि हस्तान्तरण तालिम | १००% | १,४०,००० | स्थानीय तह आफैंले सहजकर्ता मार्फत |
| | जम्मा | | ६,२०,००० | |